नेपाल सरकार
# उद्योग मन्त्रालय
(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

प सं ०७४।७५
च नं ८०५

नेपाल सरकार
उद्योग मन्त्रालय

मिति : २०७४।०९।१८

**विषयः सिफारिस गरी पठाउने सम्बन्धमा ।**

श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाण्डौ ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
श्री खानी तथा भूगर्भ विभाग, लैनचौर, काठमाण्डौ ।
श्री नेपाल गुणस्तर तथा नापतौल विभाग, वालाजु, काठमाण्डौ ।
श्री घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वर, काठमाण्डौ ।

प्रस्तुत विषयको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयको प.सं.ज.वि.शा.३०२-२०७४।७५ च.नं.२३७ मिति २०७४।०८।१४ को बैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने विषयक पत्रको छाँया प्रति यसै साथ संलग्न छ । सो अनुसार सम्बन्धित सेवा, समुह र श्रेणीका समावेशी तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबैभन्दा वढी समय काम गरेका आधारमा योग्यता पुगेका र सहायक स्तरका कर्मचारीहरूलाई समेत प्राथमिकता दिई उक्त बैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयनको लागि सिफारिस गरी पठाउन हुन आदेशानुसार अनुरोध छ ।

२०७४।०९।१८

नन्देश्वर डंगोल
(शाखा अधिकृत)

फोन नं.: ४२११५७९, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np

नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति विकास शाखा)

पत्र संख्याः ज.वि.शा. ३०२-२०७४/७५

चलानी नं. २३६

**तुरुन्त**

मितिः- २०७४।०९।१४

विषयः- **वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।**

३९८९

२०७४/९/१६

श्री ... मन्त्रालय,

... ।

तपसिल अनुसारको अध्ययन/तालीम कार्यक्रममा तहांबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७४/०९/१४ को बैठकबाट निर्णय भएको हुदा उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिल

| क्र. सं. | अध्ययन / तालीम/छात्रवृत्तिको विषय | सिट संख्या | अध्ययन/तालीम को अवधि | छात्रवृत्ति प्रदान गर्ने संस्था/तालीम संचालन हुने देश | आवश्यक योग्यता/ अन्य प्रासंगिक व्यहोरा | छात्रवृत्ति वितरण गरिएका निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1 | Master of Science Program in Industrial Biotechnology (Study) | up to 5(five) | 2018-2020<br>Application Deadline: 2018 Feb. 16 | TICA under Thailand International Postgraduate Programme (TIPP)/Thailand | - Bachelor's degree in relevant subject - IELTS 5.0 | -उद्योग मन्त्रालयले मनोनयन गर्ने |

(किरण थापा)
शाखा अधिकृत

बोधार्थ

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरबार ।

श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरबार ।

श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार ।

सिंहदरबार, काठमाण्डौ, नेपाल फोन नम्बर: ०१-४२००३६७/४२००३६८/४२००३६९ फ्याक्स नम्बर: ९७७-०१-४२००२३८

अडियो नोटिस बोर्ड नम्बर: १६१८०१४२००३१४ / इमेल: hrd.moga@gmail.com / वेबसाइट: www.moga.gov.np.